जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ६४ २०८० साल असोज १६ गते मंगलबार (3 Oct. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : स्वास्थ्यकर्मीको सुरक्षाका लागि समन्वय गर्न... २ पृष्ठमा : युक्रेनलाई सहयोग जारी ... ३ पृष्ठमाध्यान नकाटौं, काटेको भए

# अजिमुद्दिनको हत्यामा संलग्न भएको आरोपमा एक महिलासहित चार पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

सप्तरीको खडक नगरपालिका वडा नं. ११ बनौलीस्थित पोखरीमा तीनदिन अघि बोरा भित्र सडेगलेको अवस्थामा भेटिएको शव लामो समयदेखी वेपत्ता रहेका सोही वडा निवासी मो. अजिमुद्दिनको भएको प्रहरीले खुलासा गरेको छ ।

मेला हेर्न भनि गत भदौं २१ गते घरबाट निस्केका १८ वर्षिय अजिमुद्दिन बेपत्ता थिए । परिवारजन तथा प्रहरीले खोजी कार्य तिब्र बनाएका बेला तीनदिन अघि हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको सडेगलेको शव स्थानीय राम प्रसाद यादवले संचालन गर्दै आएको कृषि फर्मको पोखरीबाट प्रहरीले फेला पारेको थियो ।

सम्पूर्ण घटना विवरण उँस्प्रहरीले सोमबार सार्वजनिक गरेको छ । प्रेम प्रसंगको विषयलाई लिएर यस्तो क्रुर घटना भएको पाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यको भनाई छ ।

उनले एक बालिकासँग भएको प्रेम सम्बन्धकै कारण अजिमुद्दिनको हत्या भएको खुल्न आएको बताउँदै हत्या घटनामा संलग्न भएको आरोपमा सोही वडाकी ३० वर्षिया बिना देवी यादव, ३४ वर्षिय राम प्रकाश यादव, ३६ वर्षिय डम्बर नारायण साह र ४० वर्षिय छोटेलाल भन्ने धर्मदेव साह पक्राउ परेको जानकारी समेत दिए । पक्राउ परेका मध्ये एकजना मृतकको प्रेम सम्बन्धमा रहेकी बालिकाकी आमा र अर्को काका रहेको प्रहरीको भनाई छ ।

पोष्टमार्टमका लागि घरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको शवको परिक्षण रिपोर्ट प्राप्त भएपछि बोरा भित्र फेला परेको सडेगलेको शव अजिमुद्दिनकै भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेले बताए ।

मृतकका दाजु मो. मजिदका अनुसार गत भाद्र २१ गते बुघवारका दिन कृष्णाजन्माष्टमीका अवसरमा गाउँमा लागेको मेला हेर्न जान्छु भनि निस्केका अजिमुद्दिन त्यस दिन घर फर्केनन् ।

मृतकका दाजु मजिदले भाईसँगै मेला गएका उनका एकजना साथीसँग भाईको अवस्था वारे बुझ्दा उनले सोही राति नै मेला भरेर फर्किदा एकजना केटी साथीसँग भेट्न जान्छु भनि आफुसँग अजिमुद्दिन छुटिएको र त्यस पछि कता गयो भन्ने कुरा आफुलाई केही थाहा नभएको बताएको प्रहरीलाई जानकारी गराएका थिए ।

स्थानीय हिरा फेकनी मावि बनौलीबाट यसैवर्ष एसईई परीक्षा दिएका अजिमुद्दिनको त्यही विद्यालयमा कक्षा ८ मा पढ्ने एक बालिकासँग गहिरो प्रेम परेको र सोही प्रेम उनको हत्याको कारण बनेको प्रहरी अनुसन्धानमा खुलेको छ ।




हत्या गरिएको मो. अजिमुद्दिन । हत्या गरी बोरामा राखेर फालेको अवस्थामा उनको शव ।
*तस्बिर : राजविराज दैनिक*

# अपराधका पुराना फायल खोल्ने नयाँ एसपीको प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख (एसपी) गजुसिद्धि बज्राचार्यले जिल्लामा बिचाराधिन तथा फायलमै सीमित रहेका गम्भिर प्रकृतिका अपराधका पुराना घटनाका फायलहरु खोलिने र अपराधीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका छन् ।

सप्तरीको प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेको ८औं दिन सोमवार संचारकर्मीहरुसँगको परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

"जिल्लामा शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउनुका साथै विगतमा भएका गम्भिर प्रकृतिका

*बाँकी दुई पृष्ठमा*

# मुलुकमै विकास र रोजगारीको पर्याप्त सम्भाव्यता रहेको छ : अध्यक्ष नेपाल

**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपालले बेरोजगारी समस्या समाधानका लागि मुलुकमै विकास र रोजगारीको पर्याप्त सम्भाव्यता रहेको बताएका छन् ।

पार्टीद्वारा आयोजित मेची-महाकाली समाजवादी जागरण अभियान २०८० अन्तरगतको दोश्रो दिन सोमबार सप्तरी सदरमुकाम राजविराज आइपुगेका अध्यक्ष नेपालले अभियानलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

उनले भने, "मुलुकमा

*बाँकी अन्तिम पृष्ठमा*




मेची-महाकाली समाजवादी जागरण अभियानलाई सोमबार सम्बोधन गर्दै नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल ।
*तस्बिर : राजविराज दैनिक*

# लागु औषधसहित स्वास्थ्यकर्मी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका ५ बर्साईन बजारस्थित शत्रुधन चौकबाट प्रहरीले एक जनालाई लागु औषधसहित पक्राउ गरेको छ ।

विशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले शुक्रबार पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको लु.५५प. ५४३९ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा सप्तरीको छिन्नमस्त गाउँपालिका २ महुवा बस्ने ३९ वर्षिय राज नारायण ठाकुरलाई लागु औषधसहित पक्राउ गरेको हो । उनी बोदेबर्साईन नगर पालिकाका स्वास्थ्य शाखा संयोजक हुन् ।

प्रहरीका अनुसार मोटरसाइकलको पछाडिको नम्बर प्लेट भित्रपट्टीबाट प्लाष्टिकमा बेरी राखेको नाईट्राभेट २७ ट्याव्लेट र स्पासमो १५ ट्याव्लेट बरामद भएको थियो ।

पक्राउ परेका ठाकुरलाई लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम जिल्ला अदालत सप्तरीबाट ५ दिनको म्याद थप गराई आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बालबालिकाप्रति ध्यान दिऔं

समय परिवर्तनसँगै अहिलेका बालबालिकाहरु पढाई लेखाई भन्दा बढी आधुनिक प्रविधिका यन्त्रहरुमा बढी समय दिने गरेका छन् । अभिभावकहरुले आफ्ना बालबालिकालाई आवश्यक समय दिन नसक्दा उनीहरु मोबाइल, टिभि, भिडियो गेम जस्ता आधुनिक यन्त्रहरुमा बढी रमाउने गर्छन् । जसकारण उनीहरु एकहोरो बन्दै गएका छन् । अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा तथा विभिन्न कारणले अभिभावकहरु कार्यव्यस्त रहनाले उनीहरु एकहोरो बन्दै गइरहेका छन् । उनीहरुको यस्ता गतिविधीले पढाईमा समेत असर परिरहेको छ ।

विद्यालयपश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत नभई घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो । त्यसबोहक बालबालिकाहरु चिडचिडा समेत भइरहेका हुन्छन । जसकारण उनीहरु लागूऔषधतर्फ समेत आकर्षित भइरहेका छन् खासगरी कलिला उमेरका नाबालक र बालबालिकाहरु यसप्रति आकर्षित हुँदै गएको पाइन्छ । यस्ता कार्यप्रति विशेष सहकर्ता अपनाउनु आवश्यक छ ।

तसर्थ अभिभावकले आफ्नो जिम्मेवारीलाई सकारात्मक ढंगले निर्वाह गर्न उत्तिकै आवश्यक छ । बालबालिकालाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन् । सक्दो आफ्नो कामबाट केही समय विश्राम लिएर पनि बालबालिकाहरुलाई समय दिनेतर्फ अग्रसर हुनु जरुरी छ ।

# स्वास्थ्यकर्मीको सुरक्षाका लागि समन्वय गर्न मन्त्रालयद्वारा समिति गठन

काठमाडौँ, १५ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्यकर्मीको सुरक्षाका लागि सम्वन्धित निकायबीच समन्वय कायम गरिने भएको छ ।

स्वास्थ्यकर्मीमाथि दैनिक हुनथालेका आक्रमणलाई मध्यनजर गर्दै मन्त्रालयका अतिरिक्त सचिव डा टङ्क बराकोटीको अध्यक्षतामा ११ सदस्यीय 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा समन्वय समिति' गठन गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि निरन्तर आक्रमण हुन थालेपछि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन २०७९) को दफा ५ अनुसार सो समिति गठन गरेको हो ।

पछिल्लो समय स्वास्थ्यकर्मीमाथि भएका अवान्छित घटनाका सम्बन्धमा एवं स्वाथ्यकर्मीसँगको सुरक्षासम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समितिले छलफल पनि सुरु गरिसकेको उहाँको भनाइ थियो ।

समितिले स्वास्थ्यकर्मीको सुरक्षाप्रतिकुल हुनेगरी कुनै स्वास्थ्य संस्थामा भएका घटनाका सम्बन्धमा जाँचबुझ गर्ने र अनुसन्धानमा सहयोग गर्ने, अदालतको फैसलाअनुसार स्वास्थ्यकर्मी तथा स्वास्थ्यसंस्थाको तर्फबाट सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिलाउने छ ।

ऐनको दफा ३ मा स्वास्थ्य संस्थामा आगलागी गर्नेलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा रु दुई लाखँदेखि रु पाँचलाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ ।

यस्तै स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानी नोक्सानी पुर्याउने, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्ने वा शारीरिकरुपमा चोट पुर्याउनेलाई तीन वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ ।

यसैगरी स्वास्थ्य संस्थामा तालाबन्दी गर्ने, उपचारका लागि आएका वा उपचाररत बिरामीहरुको उपचार गर्ने कार्यमा

***बाँकी अन्तिम पृष्ठमा***

### *अपराधका पुराना ...*

अपराधका पुराना फायलहरुको सुक्ष्म अध्ययन गरी अनुसान्धान अघि बढ्नेमा विश्वस्त राख्न आग्रह गर्दै उनले यसमा कोहीसँग पनि सम्झौता नगरिने समेत बताए ।

पत्रकारको सुरक्षा र सम्मानका साथै समयमै सूचना प्रवाहका विषयलाई आफुले प्राथमिकतामा राख्ने उनको भनाई छ । उनले शान्ति सुरक्षा तथा समाजमा आपसी सद्भाव कायम राख्ने विषयमा संचारकर्मीहरुसँग सकारात्मक सहयोग पाउने अपेक्षा पनि राखे ।

अपराध नियन्त्रण तथा पीडितलाई राहत दिने गरी नयाँ ढंगले काम गर्ने योजना सुनाउदै उनले आउन लागेको महान चाडपर्व दशैं, तिहार र छठलाई लक्षित गरी विशेष सुरक्षा योजना बनाएको जानकारी पनि दिए ।

कार्यक्रममा सप्तरी सरुवा भएर आएका डिएसपी ढुण्डिराज नेउपानेले जनता र प्रहरीबीचको आपसी सद्भाव अझ प्रगाढ बनाउन तथा जिल्लामा शान्ति सुरक्षा कायम गर्न प्रहरीले सबै सरोकारवालासँग मिलेर काम गर्ने बताए ।

कार्यक्रममा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, केन्द्रिय सदस्य ललिता साह, पूर्व केन्द्रिय सदस्य अवधेश झा, प्रेस युनियन सप्तरीका अध्यक्ष विनय लाल कर्ण लगायतले जिल्लामा अपराध न्यूनीकरणका लागि आ-आफ्नो सुझाव दिएका थिए ।

## विश्व समाचार

# युक्रेनलाई सहयोग जारी राख्न धेरै समय छैन : बाइडेन

वासिङ्टन, १५ असोज (रासस/एपी) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई अहिले अमेरिकी सहयोग जारी रहने बताउनुभएको छ । युक्रेनमा जारी युद्ध प्रयासमा सहयोगी मुलुकहरूलाई अमेरिकी वित्तीय सहयोग जारी राख्ने आश्वासन दिएका कारण बाइडेनले सो कुरा बताउनुभएको हो ।

यद्यपि राष्ट्रपति बाइडेनले अमेरिकी कांग्रेसलाई समय घर्किंदै गइरहेको चेतावनी दिनुभयो । "युक्रेनलाई कुनै पनि कारणले हामी अमेरिकी सहयोगलाई अवरोध हुन दिन सक्दैनौँ", शनिबार अबेर कांग्रेसले अल्पकालीन सहयोग प्याकेज पास गरेर सरकारी सेवाहरू बन्द हुनबाट जोगाएपछि रुजबेल्ट रुमबाट बाइडेनले भन्नुभयो ।

"हामीसँग समय छ, धेरै समय छैन र तत्कालका लागि अधिक भावना छ", सहयोग बिलको समय मध्य नोभेम्बरम्मका लागि मात्र रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो । उहाँले सहयोग प्याकेजमा सकेसम्म चाँडोभन्दा चाँडो वार्ता गर्न कांग्रेसलाई आग्रह गर्नुभयो ।

"सिनेट र हाउससहित दुवै पार्टीका डेमोक्र्याट र रिपब्लिकनको ठूलो बहुमतले रुसबाट भएको क्रुर आक्रमणमा युक्रेनलाई सहयोग गर्न समर्थन गर्दछ", राष्ट्रपति बाइडेनले कांग्रेसलाई भन्नुभयो, "खेल बन्द गरौँ र युक्रेनलाई सहयोग गरौँ ।"

अधिकांश विधायकहरूले युक्रेन सहायताका लागि कांग्रेसमा स्वीकृत हुँदै गर्दा युद्धको अवधि लम्बिँदै गएकाले अझ कठिन हुँदै गएको स्वीकार गरेका छन् । युक्रेनलाई सहायता दिनेसम्बन्धी प्रयासमा अहिले रिपब्लिकनहरूको अवरोधले गति पाइरहेको छ ।

# बङ्गलादेशमा डेङ्गुबाट एक हजारको मृत्यु

ढाका, १५ असोज (रासस/एएफपी) ।

बङ्गलादेशमा यस वर्षको सुरुदेखि हालसम्म डेङ्गुबाट एक हजारभन्दा बढी मानिसको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ । लामखुट्टेबाट हुने यो रोगलाई मुलुकको सबैभन्दा खराब प्रकोप मानिएको छ ।

डेङ्गुबाट उच्च ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, मांसपेशी दुख्ने र सबैभन्दा गम्भीररूपमा रक्तस्राव हुन्छ । अत्यधिक रक्तस्रावका कारण मानिसको मृत्युसमेत हुन सक्छ । विश्व स्वास्थ्य सङ्गठनले लामखुट्टेबाट सर्ने डेङ्गुसहित चिकुङ्गुन्या, पहेँलो ज्वर र जिका जस्ता रोगहरू जलवायु परिवर्तनका कारण छटो र थप फैलिरहेको चेतावनी दिएको छ ।

बङ्गलादेशको स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार राति प्रकाशित गरेको तथ्याङ्कअनुसार डेङ्गुबाट दुई लाखभन्दा बढी सङ्क्रमित हुँदा एक हजार छ जनाको मृत्यु भइसकेको छ । महानिर्देशनालयका पूर्वनिर्देशक बे-नजिर अहमदले सन् २००० पछिको प्रत्येका वर्षको तुलनामा डेङ्गुबाट मर्नेहरूको सङ्ख्या यस वर्ष उच्च रहेको बताउनुभयो । "यो बङ्गलादेश र विश्व दुवैमा ठूलो स्वास्थ्य घटना हो", उहाँले भन्नुभयो

मृत्यु हुनेहरूमा शिशुसहित १५ वर्षमुनिका एक सय १२ बालबालिका रहेका छन् । यो आँकडा सन् २०२२ को तुलनामा कम हो । सो वर्ष डेङ्गुबाट दुई सय ८१ बालबालिकाको मृत्यु भएको थियो । यस वर्षको मनसुनमा भएको अनियमित वर्षाका साथै उष्ण तापक्रमका कारण लामखुट्टेहरूको प्रजननमा उचित वातावरण भएकाले डेङ्गुको प्रकोप बढेको वैज्ञानिकहरूले बताएका छन् ।

सन् १९६० को दशकबाट बङ्गलादेशले डेङ्गुका केसहहरू देखिए पनि सन् २००० देखि यो रोगको प्रकोपको तथ्याङ्क राख्न थालेको हो । डेङ्गुका धेरैजसो प्रकोप मनसुनका बेला जुलाईदेखि सेप्टेम्बरसम्म देखिन्छन् तर बङ्गलादेशका अस्पतालहरूले हालैका वर्षमा जाडो महिनामा पनि यस रोगका बिरामीहरूलाई भर्ना गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रिएससले सेप्टेम्बर महिनामा डेङ्गुको प्रकोपले बङ्गलादेशको प्रणालीमा ठूलो दबाब दिएको बताउनुभएको थियो ।

# ट्रम्पको व्यापारिक साम्राज्य खतरामा

न्युयोर्क, १५ असोज (रासस/एएफपी) ।

आफ्ना दुई छोराविरुद्ध नागरिक जालसाजीको मुद्दा सुरु हुँदै गर्दा अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प सोमबार न्युयोर्कको एक अदालतमा उपस्थित हुँदै हुनुहुन्छ । आगामी राष्ट्रपति निर्वाचनमा विजयी भएर पुनः ह्वाइट हाउस हासिल गर्न अभियान चलाइरहेका ट्रम्पमाथि यो मामिलाले उहाँको व्यापारिक साम्राज्य खतरामा परेको छ ।

सोमबारको मुद्दामा पूर्वराष्ट्रपति ट्रम्प र उहाँका दुई छोरा एरिक तथा डन जुनियरले ट्रम्प सङ्गठनको घर जग्गा र वित्तीय सम्पत्तिको मूल्य बढाएर जालसाजी गरेको न्यायाधीश आर्थर एनगोरनले पहिला नै फैसला गरिसक्नुभएको छ । न्युयोर्कका महान्यायाधिवक्ता लेट्टिया जेम्सले २५ करोड अमेरिकी डलर जरिवाना र ट्रम्प तथा उहाँका छोराहरूलाई ट्रम्प साम्राज्यको व्यवस्थापनबाट हटाउन खोजिरहनुभएको छ ।

सोमबार बिहानको सुनुवाइमा आफू उपस्थित हुने ट्रम्पले आइतबार बेलुका बताउनुभएको थियो । "मेरो नाम र प्रतिष्ठाविरुद्ध लड्न भोलि बिहान म अदालत जाँदैछु", आफ्नो ट्रुथ सोसियल प्लेटफर्ममा उहाँले लेख्नुभएको छ, "यो सम्पूर्ण मामिला नकली हो ।" यो नागरिक मामिलाबाहेक आगामी महिनाहरूमा ट्रम्पले धेरै ठूला आपराधिक मामिलाको पनि सामना गर्नु पर्नेछ

जो बाइडेनले जितेको सन् २०२० को राष्टपति निर्वाचनको नतिजालाई उल्ट्याउने प्रयास गरेको आरोपमा उहाँलाई आगामी मार्च ४ मा वासिङ्टनस्थित सङ्घीय न्यायाधीशसमक्ष उपस्थित गराउने कार्यक्रम छ । त्यसपछि उहाँ न्युयोर्क राज्य अदालतमा फिर्ता हुनुहुनेछ । अहिले आपराधिक गुप्त सम्पत्तिको आरोपमा र पछि फ्लोरिडा सङ्घीय अदालतमा हाजिर हुनुहुनेछ । उहाँमाथि राष्ट्रपति कार्यालय छोडेपछि वर्गीकृत दस्तावेजहरू गलत तरिकाले प्रयोग गरेको आरोप लगाइएको छ ।

अन्तिममा उहाँले जर्जिया राज्यमा लागेको आरोपहरूको पनि जवाफ दिनुपर्ने छ । जर्जियामा उहाँमाथि अवैधरूपमा सन् २०२० को राष्ट्रपति निर्वाचनको परिणाम आफ्नो पक्षमा परिवर्तन गर्न प्रयास गरेको आरोप लगाइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# 'धान नकाटौं, काटेको भए भित्र्याइहालौं'

काठमाडौँ, १५ असोज (रासस)। जल तथा मौसम विज्ञान विभागले नेपालबाट मनसुन बाहिरिने दिन लम्बिएका कारण किसानलाई तत्काल धान नकाट्न र काटेको भए भित्र्याइहाल्न आग्रह गरेको छ।

सामान्यतः अक्टोबर-२ देखि मनसुन बाहिरिने गरेको भए पनि अझै मनसुन सक्रिय देखिएको छ। वरिष्ठ मौसमविद् वरुण पौडेल विभिन्न विष्लेषणका आधारमा सोमबार मौसम बाहिरिने दिन अनुमान गरिए पनि यसपाली मनसुन केही दिन लम्बिएको बताउनुभयो। उहाँले अझै मनसुन बाहिरिन झण्डै हप्ता दिन लाग्नसक्ने अनुमान रहेको बताउनुभयो।

यो बेलामा हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानमा अवस्थित छ। साथै नेपालमा हाल भारतको विहार र पश्चिम बङ्गाल आसपासको क्षेत्रमा रहेको न्यून चापीय क्षेत्रसमेतको प्रभाव रहेको छ। त्यसैले बदली छ।

अबको केही दिन मौसम बदली हुने र ठाउँठाउँमा वर्षासमेत हुने भएकाले यो बेलामा किसानले विशेष ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो। "अहिले धानबाली भित्रयाउने बेला हो, काटेको धान छ भने भित्राइहालौँ र काट्ने बेलाको धान छ भने नकाटौँ। दुई/तीन दिन रहने यो प्रणालीले धान विगार्छ, खुलेपछि मात्रै काटौँ", उहाँले राससँग भन्नुभयो।

उहाँका अनुसार नेपालमा पश्चिमबाट मनसुन बाहिरिन्छ भने पूर्वबाट भित्रिन्छ। अहिले नेपालको कोशी, मधेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावनासमेत छ। भारतको उडिसा, छत्तिसगढ, विहारलगायत क्षेत्रमा पनि मौसम बदली छ। सोमबार देशभर जसो नै बादल लाग्ने र धुम्म हुन्छ। घाम लाग्ने सम्भावना कम छ। साँझपख कतिपय ठाउँमा वर्षा पनि हुने उहाँले बताउनुभयो।

जल तथा मौसम विज्ञान विभागले दुई वर्ष अघि मनसुन भित्रिने समय जुन १३ र बाहिरिने समय सोमबार अक्टोबर २ लाई अनुमान गरेको थियो। त्यसअघि भित्रिने समय जुन १० र बाहिरिने समय सेप्टेम्बर २३ थियो। हरेक १० वर्षको विष्लेषण गरेर यसरी मिति अनुमान गर्ने गरिन्छ। पछिल्लो समयमा तोकेको मितिभन्दा ढिला गरी मनसुन बाहिरिरहेको छ। मनसुन भित्रिन पनि ढिला गरिरहेको छ। यही साल पनि मनसुन एक दिन ढिला गरी भित्रिएको थियो भने बाहिरिन पनि समय लाग्ने देखिएको छ।

यो वर्ष नेपालमा जनु १४ अर्थात् जेठ ३१ मा मनसुन भित्रिएको थियो। तर त्यसको नौ दिनपछि मात्रै असार ८ गते मनसुन देशैभरी फैलिएको थियो। शुरुमा कोसी प्रदेश, मधेश र गण्डकी प्रदेशको पूर्वी भुभाग र बागमती प्रदेशका अधिकांश भू-भागमा मनसुन आगमन भएको थियो। यसपाली मनसुनको शुरुआती समयमै पूर्वी नेपालमा भारी भारी वर्षापछिको बाढी र पहिरोले वितण्डा मच्चाउँदा ठूलो धनजनको क्षति भएको छ।

यसपाली १२ लाखभन्दा बढी मानिस प्रभावित हुने अनुमान थियो। मनसुनका समयमा औषतभन्दा कम पानी पर्ने आकलनसमेत गरिएको थियो। औषतभन्दा कम पानी पर्ने अनुमानका बीच केही स्थान केन्द्रित भएर मनसुनी वर्षा हुँदा भने पूर्वी र पश्चिम नेपाललगायत केही स्थानमा भने ठूलो जनधनको क्षति गराएको छ। जल तथा मौसम विज्ञान विभागले विगत १० वर्षको मनसुनी प्रणाली विष्लेषण गरेर केही वर्षअघि निकालेको निष्कर्षका आधारमा सामान्यतः मौसम बाहिरिने दिन सोमबारलाई अनुमान गरेको थियो।

मधेश प्रदेश सरकार
भौतिक पुर्वाधार विकास मन्त्रालय

## यातायात व्यवस्था सेवा कार्यालय

राजविराज, सप्तरी, नेपाल

### विषय - आशयपत्र पेश गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना ।

**प्रथम पटक प्रकाशित मिति -२०८०/०६/१६**

प्रस्तुत विषयमा भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश सरकार जनकपुरधामको च.न.७६३, मिति २०७९/०९/१४ गतेको प्राप्त पत्रानुसार (A,B,C,C1,E,K) वर्गहरुको लिखित तथा प्रयोगात्मक परिक्षा संचालन गर्न अनुमती प्रदान भै आएको तथा च.न.१४७, मिति २०८०/०२/०१ गतेको पत्रानुसार यस कार्यालयवाट मिनिबस्, मिनिट्रक, बस, ट्रक, लहरी र हेभी इक्युपमेन्ट (F,G,H,I,J) समेतका वर्गहरुको लिखित तथा प्रयोगात्मक परिक्षा समेत संचालन गर्न थप अधिकार प्राप्त भै आएको छ । तत् सम्वन्धमा मोटरसाईकल, कार/जिप, ट्रयाक्टर, सिटि रिक्सा, टेम्पु, स्कुटर, मिनिवस, मिनिट्रक, बस, ट्रक, लहरी र हेभी इक्युपमेन्ट (A,B,C,C1,E,K,F,G,H,I,J) वर्गको प्रयोगात्मक परिक्षा संचालन गर्न प्रयोगात्मक परिक्षा स्थल (Trial Center) अभाव भएको हुँदा सम्वन्धीत प्रयोगात्मक परिक्षा स्थल (Trial Center) तथा सवारी साधन उपलव्ध गराउने फर्म वा कम्पनीले परिक्षार्थीहरुवाट प्रयोगात्मक परिक्षा शुल्क लिइ सेवा प्रदान गर्ने शर्तमा प्रयोगात्मक परिक्षास्थल सम्झौता भएको मितिले दुई वर्षको लागि भाडामा उपलव्ध गराउन इच्छुक स्वीकृती प्राप्त फर्म वा कम्पनीहरुवाट प्रचलित कानून वमोजिम प्रयोगात्मक परिक्षास्थल (Trial Center) र सवारी साधन वापत प्रति सेवाग्राहीहरुवाट के/कति सेवा शुल्क लिइ सेवा उपलव्ध गराउन सकिन्छ ? सो कुरा खोली तपसिलको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै गरी यस कार्यालयमा शिलवन्दी बुझाउन हुन यो शिलवन्दी प्रस्ताव आवहान गरिन्छ ।

तपसिल

१. शिलबन्दी बुझाउने स्थान —यातायात व्यवस्था सेवा कार्यालय, राजबिराज, सप्तरी ।
२. प्रशिक्षण केन्द्र/स्थलः- यातायात व्यवस्था सेवा कार्यालय राजबिराज देखि ४ किलोमिटर भित्र मुल सडकको आसपासमा हुनुपर्नेछ जहाँ आवत-जावत गर्दा सर्वसाधारणलाई असर पर्ने खालको हुनु हुदैंन।
३. प्रशिक्षण केन्द्र भएको जग्गाको प्रकृति ,क्षेत्रफल एवम् मापदण्डहरु सवारी चालक प्रशिक्षण संचालन निर्देशिका ,२०७४ तथा सवारी चालक अनुमति पत्र तथा सवारी चालक अनुमतिपत्रको परीक्षा संचालन गर्ने निर्देशिका, २०७७ संसोधित बमोजिम भएको हुनु पर्नेछ ।
४. प्रचलित कानून बमोजिम ड्राईभिङ्ग सेन्टर संचालन ईज्जात पत्र प्राप्त भएको र अवधि समाप्त भएको भए नविकरण समेत भएको हुनुपर्नेछ ।
५. प्रयोगात्मक परीक्षा स्थल (Trial Center) परिसरमा शुद्ध पिउने पानी, प्रतिक्षालय एवम् महिला, पुरुषको छुट्टा छुट्टै शौचालयको व्यवस्था भएको हुनु पर्नेछ ।
६. प्रयोगात्मक परीक्षा स्थल (Trial Center) परिसरमा पर्याप्त पार्किङ्गस्थल भएको हुनु पर्नेछ ।
७. सवारी साधनको हकमा उत्पादन वर्षले १० वर्ष नकाटेको सवारी साधन हुनु पर्नेछ ।
८. प्रयोगात्मक परीक्षा स्थल तथा प्रयोग हुने सवारीको मर्मत सम्भार गर्नु परेमा सो को जिम्मेवारी सेवा प्रदायक ड्राईभिङ्ग सेन्टर को हुनेछ ।
९. प्रयोगात्मक परीक्षा स्थलमा CC Camera को Full coverage ,Electric power supply को Back up का लागि Generator लगायतका अन्य आवश्यक ईलेक्ट्रोलिक सामग्रीहरुको व्यवस्थापन भएको हुनु पर्नेछ ।
१०. प्रस्ताव पेश गर्दा निवेदनको साथमा प्रचलित कानूनले तोकेको फर्म दर्ता प्रमाण पत्र तथा दर्ता नवीकरण प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र , आ.व. २०७८/०७९, २०७९ ०८० को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी र कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न भएको हुनुपर्नेछ ।
११. आशयपत्र पेश गर्ने अन्तिम मिति २०८०/०६/३० गते कार्यालय समय भित्र हुनेछ ।
१२. शिलवन्दी आशयपत्र खोलिने मिति २०८०/०७/०१ गते दिनको ०२:०० वजे ।
१३. पेश भएका आश्यपत्रहरु आंशिक वा पूर्णरुपले स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहीत रहनेछ ।
१४. आश्यपत्र शुल्क रु १०००/- यस कार्यालयको राजश्व शाखामा बुझाई कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
१५. सूचना सम्वन्धी अन्य थप कुरा बुझ्न परेमा सूचना अधिकारीको सम्पर्क नं.९८५२८२३५०२ मा बुझ्न सकिनेछ ।

# हरवाचरवा मुसहर समुदायका बालबालिकाको शिक्षातर्फ आकर्षण बढ्दै



शम्भुनाथ (सप्तरी), १५ असोज (रासस) ।

पढ्ने उमेर भए पनि सप्तरीको शम्भुनाथ नगरपालिका-७ भगवतपुरस्थित मुसहर बस्तीका ९ वर्षीय सतिश सदा विद्यालय जाँदैनथे ।

उनी घरदेखि करिब पाँच सय मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर समय बिताउँदथे । तर अहिले उनी झोलामा कपी किताब बोकेर पढ्न विद्यालय जान थालेका छन् ।

सोही ठाउँका ११ वर्षीय अशोक सदाको पनि अहिले दिनचर्या फेरिएको छ । उनी पनि अहिले घर नजिकै रहेको बुद्धिलाल मुनर माध्यमिक विद्यालय अध्ययन गर्न थालेका छन् ।

यसरी सतिश र अशोक मात्र होइन, पछिल्लो समय अति पिछडिएको ती बस्तीका हरवाचरवा मुसहर समुदायका बालबालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । केही वर्षअघिसम्म अत्यन्त न्यून सङ्ख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकोमा पछिल्लो समय ती समुदायबाट विद्यालय जाने बालबालिकाको सङ्ख्या उत्साहजनक रुपमा बढ्दै गएको पाइएको छ ।

हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको सप्तरीको शम्भुनाथ नगरपालिका-७ भगवतपुर, वडा नम्बर २ कनकपट्टी, वडा नम्बर ३ डङगराही र वडा नम्बर ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन् ।

सो नगरपालिकाका हरवाचरवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल 'टचुसन' कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको सङ्ख्या बढ्दै गएको हो ।

विगत तीन वर्षदेखि ती वडाबाट हरवाचरवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको सङ्ख्या १२ थियो, तर सो संस्थाले द फ्रिडम फन्डको सहयोगमा 'सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवाको सशक्तिकरण कार्यक्रम' अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बाल कक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको सङ्ख्या तीन सयभन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदाले जानकारी दिनुभयो ।

केही वर्षअघिसम्म ती समुदायका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गरेका थिए, तर गाउँमै निःशुल्क बाल कक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन् । अर्जुनले भन्नुभयो, "केही वर्षअघिसम्म विद्यालयमा हरवाचरवा मुसहर परिवारका बालबालिका न्यून सङ्ख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको सङ्ख्या बढ्न थालेको छ ।"

हरवाहरवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला एक त हरवाचरवा परिवाका बालबालिका विद्यालय जान रुचाइरहेका थिएन, भने अभिभावक पनि विद्यार्थीलाई विद्यालय पठाउन चाहिरहेको थिएन, मोहनपुरका अरहुलिया सदाले भन्नुभयो, "तर अहिले मुसहर परिवारको बालबालिका पनि विद्यालय जान थालेका छन् भने अभिभावमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ ।"

आफूलाई पढ्न रहर हुँदा हुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिँदै उहाँले थप्नुभयो, "अहिले त्यस्तो अवस्था विस्तारै हट्दै गएको छ ।" हरवा हरवा मुसहर परिवारका अभिभावक पनि जिम्मेवार बन्दै गएको उहाँ सुनाउनुहुन्छ ।

हरवाचरवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको बिभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बाल शिक्षा कार्यक्रममा अहिले हरवाचरवा र मुसहर समुदायका दुई सयभन्दा बढी हरवाचरवा बालबालिका नियमितरुपमा अध्ययन गर्नका लागि आउने गरेको श्रीपुर्राज सामुदायिक केन्द्रका कार्यक्रम संयोजक लालुप्रसाद रामले जानकारी दिनुभयो । तीमध्ये एक सय ५० जना बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याइ सकिएको उहाँको भनाइ छ । विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाको तर्फबाट शैक्षिक सामग्री र झोलासमेत निःशुल्क उपलब्ध गराएको छ ।

विद्यालय बाहिर रहेका बालबालिकाका लागि हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौ महिने बाल शिक्षा प्रदान गरिरहेको र क्रमिकरुपमा विद्यालय भर्ना गराउँदै लगिने जनाइएको छ ।

"प्रारम्भिक बाल शिक्षाबाट राम्रो गर्दै गएका एक सय ५० जना हरवाचरवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराई सकिएको छ, श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता विजली रामले भन्नुभयो, "बाँकी रहेकालाई पनि क्रमशः पायक पर्ने विद्यालयमा भर्ना गराउने तयारी छ ।"

गरिबी र अभावबाट गुज्रिरहेका हरवाचरवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको नाकमुख देख्न पाएका छैन उहाँले भन्नुभयो, "यस्तालाई आगामी शैक्षिक सत्रदेखि विद्यालयसँग जोड्न सक्दो पहल गरिरहेका छौँ ।"

शैक्षिकरुपमा जर्जर रहेको हरवाचरवा र मुसहर समुदायका बालबालिकाको विद्यालय आउने क्रम बढेको भन्दै यस्तो अभियानलाई अझ निरन्तरता दिनुपर्ने शम्भुनाथ-३ स्थित बौकीदेवी दलित आधारभूत विद्यालयका प्रधानाध्यापक गोसाइ पासवानले बताउनुभयो ।

# दाङमा डेङ्गु सङ्क्रमणबाट मृत्यु

घोराही (दाङ), १५ असोज (रासस) ।

दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा एक पुरुषको डेङ्गु सङ्क्रमणबाट मृत्यु भएको छ ।

मृत्यु हुनेमा रोल्पा माडी गाउँपालिका-२ घर्तीगाउँ का ५१ वर्षीय यज्ञबहादुर डाँगीको मृत्यु भएको प्रतिष्ठानका सूचना अधिकारी निशान भट्टराईले जानकारी दिनुभयो । डाँगीलाई केही समयअघिदेखि स्वास्थ्यमा समस्या देखिए पनि प्रतिष्ठानमा भने आइतबार साँझ उपचारका लागि ल्याइएको थियो ।

उहाँको उपचारकै क्रममा सोमबार बिहान मृत्यु भएको सूचना अधिकारी भट्टराईले भनाइ छ । डाँगीले श्री कृष्ण माध्यमिक विद्यालय घर्तीगाउँमा अध्यापन गराउँदै आउनुभएको थियो ।

## मुलुकमै विकास र...

हिमाल, पहाड, तराई गरि तीन किसिमको भौगोलिक बनावट र प्राकृतिक विविधता पर्यटनको प्रमुख संवाहक रहेको छ, यसलाई नै सदुपयोग गर्नेतर्फ समाजवादीले अभियान मार्फत लागिपरेको छ ।" पर्यटनका माध्यमबाट पनि बेरोजगारी समस्या समाधान गर्न सकिने उनले भने ।

अभियानलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले विचार मिल्ने राजनीतिक दलहरुसँग सहकार्य र सहमतिका साथ अघि बढ्नु आवश्यकता रहेको बताए । समाजवादी अभियान यसैको नमूना रहेको प्रष्ट्याउँदै उनले भने, "फराकिलो छाती गरेर सहकार्य गर्न चाहने सबैका लागि हाम्रो ढोका खुल्ला छ ।"

सोही कार्यक्रममा बोल्दै पार्टीका सम्मानित नेता झलनाथ खनालले मुलुक आर्थिक संकटले गज्रिरहेको अवस्थामा मुल्य बृद्धिले जनतालाई थप मारमा पारेको बताए । उनले १ सय ३१ वटा मौलिक हकका ऐन निर्माण गर्नु पर्ने जिम्मेवारी वर्तमान संसदमाथी रहेको बताउँदै एउटा पनि निर्माण गर्न नसकेकोमा दुःख व्यक्त गरे । :पूर्व प्रभानमन्त्री समेत रहेको नेता खनालले जनताको भवनालाई अंगिकार गर्दै संसद पनि गतिशिल हुन आवश्यक रहेको टिप्पणी गरे ।

पार्टीको सप्तरी जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपाने, पार्टीका महिला नेतृ रामकुमारी झाँक्री लगायतले पनि अभियानको उद्देश्यका बारे जानकारी गराएका थिए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि दुई दर्जन भन्दा बढी स्थानीय नेता तथा कार्यकर्ता एकीकृत समाजवादीमा प्रवेश गरेका थिए । नवप्रवेशीलाई अबिर लगाएर पार्टीका अध्यक्ष नेपालले स्वागत गरेका थिए ।

## स्वास्थ्यकर्मीको सुरक्षाका ...

कुनै किसिमको वाधा पुऱ्याउने र स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्नेलाई एक वर्षसम्म कैद वा एक लाख रुपियाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ ।

मन्त्रालयले स्वास्थ्यकर्मीमाथि हुने हातपात गर्नेलाई दफा ३ बमोजिम सजायको व्यवस्थालाई अस्पताल परिसरभित्र सबैले देख्ने गरी टाँस्न अनुरोधसमेत गरेको छ ।

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी**

**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*